**इन्नोभेटिभ डेभलपमेण्ट बैंक लिमिटेड, सिद्धार्थनगर, रुपन्देहीलाई गरिएको शीघ्र सुधारात्मक कारवाही फुकुवा गरिएको सम्बन्धमा ।**

इन्नोभेटिभ डेभलपमेण्ट बैंक लिमिटेड, सिद्धार्थनगर, रुपन्देहीको २०७१ असोज मसान्तको वित्तीय विवरणको आधारमा गरिएको समष्टिगत स्थलगत निरीक्षण पश्चात सुपरिवेक्षकीय समायोजन गर्दा २०७१ असोज मसान्तमा पूँजीकोष यस बैंकले तोकेको ११.० प्रतिशत भन्दा ०.२० प्रतिशत बिन्दुले नपुग भएको देखिएकोले मिति २०७२।४।२० को पत्रानुसार त्यस संस्थालाई नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ (पहिलो संशोधन, २०६८ सहित) को विनियम ३ (क) बमोजिम कारवाही गरिएकोमा त्यस संस्थाले पेश गरेको मिति २०७२।४।२४ को पत्रबाट र गैर स्थलगत सुपरिवेक्षणबाट समेत हाल संस्थाको न्यूनतम पूँजीकोष अनुपात कायम भएको देखिएकोले उक्त कारवाही निर्णय अनुसार फुकुवा गरिएको छ ।

मिति : २०७२।५।७